# डिप्लोमा इन्जिनियरिङ्ग परिषद् गठन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना :** डिप्लोमा इन्जिनियरिङ्ग पेशा वा व्यवसायलाई समायनुकूल व्यवस्थित एवं प्रभावकारी बनाउन डिप्लोमा इन्जिनियरिङ्ग पेशा वा व्यवसायमा संलग्न पेशाकर्मी, प्राविधिकहरुको सेवा प्रवाहलाई व्यवस्थित, बैज्ञानिक एवं गुणस्तरीय बनाउनका साथै पेशालाई मर्यादित र पारदर्शी ढंगले परिचालन गर्न सम्बन्धित प्राविधिकहरुको योग्यतानुसार नाम दर्ता गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नका लागि डिप्लोमा इन्जिनियरिङ्ग परिषद्को स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "डिप्लोमा इन्जिनियरिङ्ग परिषद् ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ५ बमोजिम गठन भएको परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "रजिष्ट्रार" भन्नाले दफा ११ बमोजिम नियुक्त गरिएको रजिष्ट्रार सम्झनु पर्छ।

(ग) "डिप्लोमा इन्जिनियर" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अनुसूचीमा उल्लिखित विषयमा डिप्लोमा उत्तीर्ण गरी डिप्लोमा इन्जिनियरिङ्ग परिषद्को दर्ता किताबमा नाम दर्ता भएका डिप्लोमा इन्जिनियर वा प्राविधिक सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "दर्ता किताब" भन्नाले दफा १९ बमोजिमको दर्ता किताब सम्झनु पर्छ।

(च) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको डिप्लोमा इन्जिनियरिङ्ग परिषद् सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले पुर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष समेतलाई जनाउँछ।

## परिच्छेद-२

## परिषद्को स्थापना, गठन, काम, कर्तव्य र अधिकार

३. **परिषद्को स्थापना** : (१) डिप्लोमा इन्जिनियरिङ्ग पेशालाई व्यवस्थित रुपमा सञ्चालन गर्न, सो पेशा वा व्यवसायमा संलग्न डिप्लोमा इन्जिनियरिङ्ग प्राविधिकहरुको सेवालाई वैज्ञानिक, मर्यादित र पारदर्शी ढंगले परिचालन गर्न तथा उनीहरुको योग्यतानुसार नाम दर्ता गर्ने काम समेतको लागि डिप्लोमा इन्जिनियरिङ्ग परिषद् नामको एक परिषद् स्थापना गरिएको छ।

(२) उपदफा (१) बमोजिमको परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

४. **परिषद् स्वशासित संस्था हुने** : (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एवं स्वशासित र संगठित संस्था हुनेछ।

(२) परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

५. **परिषंद्को गठन** : (१) दफा ३ बमोजिम स्थापना भएको परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) इन्जिनियरिङ्ग बिषयमा डिप्लोमा उपाधि प्राप्त गरि कम्तिमा पन्ध्र वर्ष इन्जिनियरिङ्ग व्यवसायमा अनुभव प्राप्त डिप्लोमा इन्जिनियरहरुबाट नेपाल सरकारले मनोनित गरेको डिप्लोमा इन्जिनियर एक जना -अध्यक्ष

(ख) इन्जिनियरिङ्ग बिषयमा डिप्लोमा उपाधि प्राप्त गरि कम्तिमा दस वर्ष इन्जिनियरिङ्ग व्यवसायमा अनुभव प्राप्त डिप्लोमा इन्जिनियरहरु बाट नेपाल सरकारले मनोनित गरेको डिप्लोमा इन्जिनियर एक जना -उपाध्यक्ष

(ग) अध्यक्ष, डिप्लोमा इन्जिनियर्स एशोसियसन -सदस्य

(घ) प्रतिनिधि, राजपत्राङ्कित द्वितीय श्रेणी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ङ) डिप्लोमा इन्जिनियरिङ्ग विषय अध्यापन गराउने शिक्षण संस्थाका प्रमुखहरु मध्ये नेपाल सरकारले मनोनयन गरेको एक जना -सदस्य

(च) परिषद्ले मनोनयन गरेको एक महिला सहित तीन जना डिप्लोमा इन्जिनियर -सदस्य

(छ) रजिष्ट्रार -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम सदस्यहरुको मनोनयन गर्दा विषयगत आधारमा छुट्टा छुट्टै विषयको प्रतिनिधित्व हुने गरी मनोनित गर्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (क) र खण्ड (ख) बमोजिम मनोनित अध्यक्ष र उपाध्यक्ष र खण्ड (च) बमोजिम मनोनीत सदस्यको कार्य सम्पादनको स्तर सन्तोषजनक नभएमा, निजहरुले इमान्दारी पूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, परिषद्को हित विपरीत वा परिषद्लाई हानि नोक्सानी हुने कुनै काम कारवाही गरेमा वा निजहरुमा कार्य क्षमताको अभाव वा खराब आचरण देखिएमा तोकिए बमोजिमको प्रक्रिया अपनाई अध्यक्ष र उपाध्यक्षको हकमा नेपाल सरकार र सदस्यको हकमा परिषद्ले हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम हटाउनु अघि निजहरुलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमका सदस्यले परिषद्को निर्णयबमोजिम बैठक भत्ता पाउनेछन्।

६. <u>सदस्यको पदावधि</u> : (१) परिषद्का मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ। निजको पुनः एक पटक मनोनयन हुन सक्नेछ।

(२) उपदफा (१) मा तोकिएको पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो रिक्त हुन आएको सदस्यको पंद बाँकी अवधिको लागि पूर्ति गर्न सकिनेछ।

७. <u>सदस्यको निमित्त अयोग्यता</u> : देहायका कुनै व्यक्ति परिषद्को सदस्यमा मनोनीत हुन योग्य हुने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(ग) कालोसूचीमा परेको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) मानसिक सन्तुलन ठीक नभएको,

(च) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको सार्वजनिक निकायको कुनै लाभको पद धारण गरेको,

<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा सुविधा पाउने पद सम्झनु पर्छ।

(छ) पैसठ्ठी वर्ष उमेर पूरा भएको।

८. **<u>सदस्यको पद रिक्त हुने अवस्था</u>** : देहायका अवस्थामा परिषद्को सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) अध्यक्षले मन्त्रालय समक्ष र सदस्यले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) दफा ७ बमोजिम अयोग्य भएमा,

(ग) परिषद्लाई कारण सहितको पूर्व सूचना नदिई लगातार तीन पटक सम्म परिषद्को बैठकमा अनुपस्थित भएमा,

(घ) निजको मृत्यु भएमा।

९. **<u>परिषदको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) डिप्लोमा इन्जिनियरिङ्ग व्यवसाय सञ्चालनको लागि आवश्यक नीति योजना तथा कार्यक्रमहरु तयार गरी त्यसको कार्यान्वयन गर्ने,

(ख) डिप्लोमा इन्जिनियरिङ्ग विषयको पाठ्यक्रम तथा विद्यार्थी भर्नाका आधार सम्बन्धमा सम्बन्धित निकायलाई सुझाव दिने,

(ग) डिप्लोमा इन्जिनियरिङ्ग व्यवसायीको नाम दर्ता गर्ने,

(घ) डिप्लोमा इन्जिनियरको व्यवसायिक आचार संहिता बनाई कार्यान्वयन गर्ने, गराउने,

(ङ) दर्तावाला डिप्लोमा इन्जिनियरले आचार संहिताको उल्लघंन गरेमा वा पालना नगरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो डिप्लोमा इन्जिनियरको नाम परिषद्बाट हटाउने,

(च) परिषद्को वार्षिक बजेट, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(छ) परिषद् सञ्चालनको लागि आवश्यक विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गर्ने,

(ज) परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने।

१०. **<u>परिषद्को बैठक र निर्णय</u>** : (१) परिषद्को बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्ने छ ।

(४) परिषद्को बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यहरुलाई दिनु।

(५) परिषद्को कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ।

(७) परिषद्को बैठकको निर्णय बैठकको अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित गरिनेछ।

(८) परिषद्ले आवश्यक देखेमा कुनै विशेषज्ञलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-३

## रजिष्ट्रार र कर्मचारी सम्बन्धी

११. **रजिष्ट्रार** : (१) परिषद्को प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि एकजना रजिष्ट्रार रहनेछ।

(२) देहाय बमोजिमको योग्यता पुगेका व्यक्ति मध्येबाट नेपाल सरकारले खुला प्रतिस्पर्धाको आधारमा रजिष्ट्रार नियुक्ति गर्नेछः-

(क) मान्यता प्राप्य विश्वविद्यालयबाट इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(ख) सम्बन्धित विषयमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ग) दफा ७ बमोजिम अयोग्य नभएको।

(३) उपदफा (२) बमोजिम रजिष्ट्रारको नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले संघीय निजामती सेवाको कम्तीमा राजपत्रांकित द्वितीय श्रेणी वा सो सरहको कुनै कर्मचारीलाई रजिष्ट्रारको रुपमा तोक्न सक्नेछ।

(४) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक पदावधिको लागि पुनः नियुक्ति हुन सक्नेछ।

(५) देहायको अवस्थामा रजिष्ट्रारको पद रिक्त हुनेछः-

(क) दफा ७ बमोजिम अयोग्य भएमा,

(ख) निजले मन्त्रालयसमक्ष लिखित राजिनामा दिएमा,

(ग) निजको कार्य सम्पादनको स्तर सन्तोषजनक नभएमा, निजले इमान्दारी पूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, परिषद्को हित विपरीत वा परिषद्लाई हानि नोक्सानी हुने कुनै काम कारवाही गरेमा वा निजमा

कार्यक्षमताको अभाव वा पद अनुसारको आचरण नगरेमा वा खराब आचरण देखिएमा परिषद्ले तोकिए बमोजिमको प्रक्रिया अपनाई निजलाई रजिष्ट्रारको पदबाट नेपाल सरकारले हटाएमा,

(घ) निजको मृत्यु भएमा।

(६) उपदफा (५) को खण्ड (ग) बमोजिम हटाउन अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(७) रजिष्ट्रारको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. रजिष्ट्रारको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्ले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) परिषद्को कोषको व्यवस्था र सञ्चालन गर्ने,

(ग) परिषद्को लेखा उत्तरदायी अधिकृतको रुपमा काम गर्ने,

(घ) परिषद्को चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने र गराउने,

(ङ) वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि परिषद् समक्ष पेश गर्ने,

(च) लेखा परीक्षणको प्रतिवेदन परिषद् समक्ष पेश गर्ने,

(छ) परिषद्को लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) परिषद्ले दिएको निर्देशन पालना गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने।

१३. कर्मचारी सम्बन्धी व्यवस्था : (१) परिषद्ले आवश्यक दरबन्दी स्वीकृत गरि कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम कर्मचारी पदपूर्ति नहुदा सम्मको लागि मन्त्रालयले आवश्यक कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद-४

## नाम दर्ता सम्बन्धी

१४. **<u>नाम दर्ता नगराई इन्जिनियरिङ्ग व्यवसाय गर्न नहुने</u>** : यो ऐन प्रारम्भ भएपछि परिषद्मा नाम दर्ता नगराई कुनै पनि व्यक्तिले डिप्लोमा इन्जिनियरिङ्ग व्यवसाय गर्नु हुँदैन।

१५. **<u>शैक्षिक योग्यताको मान्यता</u>** : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाले प्रदान गरेको अनुसूचीमा उल्लिखित विषयको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिलाई परिषद्बाट संचालन हुने परीक्षाको प्रयोजनका लागि परिषद्ले मान्यता दिनेछ।

१६. **<u>नाम दर्ताको लागि दरखास्त दिने</u>** : (१) दफा १५ बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरिङ्ग उत्तीर्ण गरेका व्यक्तिले परिषद्मा नाम दर्ता गराउन चाहेमा तोकिए बमोजिमको ढाँचामा परिषद् समक्ष दरखास्त दिनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरको योग्यता प्राप्त गरेको व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले छ महिना भित्र परिषद्मा नाम दर्ता गराउनको लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्त साथ शिक्षण संस्थाबाट डिप्लोमा इन्जिनियरिङ्ग उत्तीर्ण गरेको प्रमाणपत्र, तत्सम्बन्धी अन्य कागजात तथा तोकिए बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ।

१७. **<u>दरखास्त उपर छानबिन</u>** : (१) दफा १६ बमोजिम प्राप्त भएको दरखास्त उपर रजिष्ट्रारले आवश्यक छानबिन गर्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा कुनै कुरा अस्पष्ट हुन आएमा रजिष्ट्रारले तत्सम्बन्धी कुराहरु स्पष्ट गर्नको लागि सम्बन्धित व्यक्तिसंग आवश्यक प्रमाण तथा कागजात माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम माग भएका प्रमाण तथा कागजात रजिष्ट्रार समक्ष पेश गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

(४) यस दफा बमोजिम छानबिन गरी उपयुक्त देखिएमा रजिष्ट्रारले सम्बन्धित व्यक्तिको नाम डिप्लोमा इन्जिनियरिङ्ग व्यवसायी दर्ता परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि परीक्षा समिति समक्ष पठाउनु पर्नेछ।

१८. **<u>परीक्षा समिति गठन</u>** : (१) परिषद्मा डिप्लोमा इन्जिनियरिङ्ग व्यवसायीको रुपमा नाम दर्ता गर्ने प्रयोजनका लागि परीक्षा सञ्चालन गर्न देहाय बमोजिमको परीक्षा समिति रहनेछः-

(क) परिषद्ले तोकेको दफा ५ को उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ) बमोजिमको सदस्य मध्ये बाट एक -संयोजक

(ख) परिषद्ले तोकेको परिषद्को एक जना -सदस्य

(ग) रजिष्ट्रार -सदस्य-सचिव

(२) परिषद्मा डिप्लोमा इन्जिनियरिङ्ग व्यवसायीको रुपमा नाम दर्ता गर्नको लागि परीक्षा समितिले कम्तीमा वर्षको एक पटक तोकिए बमोजिम परीक्षा सञ्चालन गर्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन हुने परीक्षाको पाठ्यक्रम र परीक्षा सञ्चालन प्रणाली तोकिए बमोजिम हुनेछ।

(४) परीक्षा समितिले आवश्यक देखेमा विषयसँग सम्बन्धित कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) परीक्षा समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सञ्चालन कार्यविधि तोकिए बमोजिम हुनेछ।

१९. **नाम दर्ता गर्ने :** (१) दफा १८ बमोजिम लिइएको परीक्षा उत्तीर्ण भएका व्यक्तिको नाम दर्ता गर्नको लागि परीक्षा समितिले परिषद्मा सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नाम दर्ताका लागि सिफारिस प्राप्त भएपछि परिषद्ले त्यस्तो व्यक्तिको नाम तोकिए बमोजिमको ढाँचामा परिषद्को दर्ता किताबमा दर्ता गर्नु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि डिप्लोमा इन्जिनियरको रुपमा काम गरेको डिप्लोमा इन्जिनियरले दफा १६ को उपदफा (२) बमोजिम नाम दर्ताको लागि दरखास्त दिएमा दफा १७ बमोजिम दरखास्त उपर छानबिन गरी नाम दर्ता गर्न सकिनेछ।

२०. **नाम दर्ता प्रमाणपत्र दिने :** (१) दफा १९ बमोजिम परिषद्मा दर्ता भएका व्यक्तिको नाम रजिष्ट्रारले दर्ता किताबमा अभिलेख राखि तोकिए बमोजिमको ढाँचामा डिप्लोमा इन्जिनियरिङ्ग व्यवसायीको नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(२) डिप्लोमा इन्जिनियरिङ्ग व्यवसायीको रुपमा नाम दर्ता गर्न दरखास्त दिने व्यक्तिको नाम दर्ता गर्न नमिल्ने कुनै कारण देखी परिषद्ले नाम दर्ता नगर्ने निर्णय गरेमा रजिष्ट्रारले सम्बन्धित व्यक्तिलाई सो कुराको लिखित जानकारी दिनु पर्नेछ।

२१. **दर्ता किताबबाट नाम हटाउने :** (१) देहाय बमोजिमको अवस्थामा बाहेक परिषद्मा नाम दर्ता भएका डिप्लोमा इन्जिनियर व्यवसायीको नाम दर्ता किताबबाट हटाईने छैनः-

(क) गैर नेपाली नागरिक भएमा,

(ख) मानसिक सन्तुलन ठिक नभएमा,

(ग) कालो सूचीमा परेमा,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा जन्म कैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) योग्यता नपुगेको कुनै व्यक्तिको नाम दर्ता हुन गएमा,

(च) तोकिए बमोजिमको व्यवसायिक आचार संहिताको उल्लंघन गरेको अभियोगमा दर्ता किताबबाट नाम हटाउने भनी परिषद्ले निर्णय गरेमा।

(२) उपदफा (१) बमोजिमको कुनै आरोपमा डिप्लोमा इन्जिनियरको नाम दर्ता किताबबाट हटाउने प्रस्ताव परिषद्को बैठकमा पेश गर्नु अघि त्यस्तो व्यक्तिको सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्ले एक जाँचबुझ समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिम गठन भएको जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि परिषद्ले तोके बमोजिम हुनेछ।

(४) यस ऐन बमोजिम नाम दर्ता भएको डिप्लोमा इन्जिनियरको दर्ता किताबबाट नाम हटाउनु अघि परिषद्ले निजलाई सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ।

२२. **प्रमाण पत्र रद्द गर्ने :** दफा २१ बमोजिम परिषद्ले दर्ता किताबबाट नाम हटाउने निर्णय गरेमा रजिष्ट्रारले त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट हटाई दफा २० बमोजिम दिएको प्रमाण पत्र रद्द गरी सम्बन्धित व्यक्तिलाई सो कुराको जानकारी दिनु पर्नेछ।

२३. **पुनः नाम दर्ता गर्ने :** (१) दफा २२ बमोजिम प्रमाणपत्र रद्द भएको व्यक्तिले निर्णय भएको मितिले दुई वर्ष पूरा नभई पुनः नाम दर्ताको लागि दफा १६ बमोजिम परिषद्मा दरखास्त दिन सक्नेछैन।

(२) उपदफा (१) बमोजिम पुनः नाम दर्ताको लागि दरखास्त दिएमा परिषद्ले ऐन बमोजिमको प्रक्रिया पूरा गरी पुनः नाम दर्ता गर्ने निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम परिषद्ले पुनः दर्ता गर्ने निर्णय गरेमा रजिष्ट्रारले त्यस्तो व्यक्तिको नाम दर्ता किताबमा पुनः दर्ता गरी तोकिए बमोजिमको ढाँचामा पुनः नाम दर्ता भएको प्रमाण पत्र दिनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २१ को खण्ड (घ) को आधारमा दर्ता किताबबाट नाम हटाएका व्यक्तिको पुनः नाम दर्ता हुने छैन।

## परिच्छेद-५
## कोष तथा लेखापरीक्षण

२४. **परिषद्को कोष :** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) परिषद्मा नाम दर्ता गरे बापतको रकम,

(ख) परिषद्को तर्फबाट उपलब्ध गराइएको सेवा बापतको रकम

(ग) स्वदेशी व्यक्ति, संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी व्यक्ति,विदेशी सरकार, अन्तराष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम

(ङ) नेपाल सरकारबाट प्राप्त रकम

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नुअघि परिषद्ले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्को सम्पूर्ण खर्च उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

(५) परिषद्को कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(६) परिषद्को कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

२५. लेखा र लेखापरीक्षण : (१) परिषद्को आय व्ययको लेखा नेपाल सरकारले तोके बमोजिमको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) परिषद्को लेखाको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) नेपाल सरकारले चाहेमा परिषद्को आय व्ययको लेखा तथा सोसँग सम्बन्धित कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

## परिच्छेद-६
## विविध

२६. कसूर तथा सजाय : (१) कसैले परिषद्मा नाम दर्ता नगराई डिप्लोमा इन्जिनियरिङ्ग व्यवसाय गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको कसूर गरेमा कसूर गर्ने व्यक्तिलाई तिस हजार रुपैंया जरिवाना वा तीन महिना कैद वा दुवै सजाय हुनेछ।

२७. मुद्दा हेर्ने अधिकारी : दफा २६ बमोजिमको कसूरको सम्बन्धमा कारवाही र सजाय गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

२८. पुनरावेदन : दफा २७ बमोजिम जिल्ला अदालतबाट भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभीत्र पुनरावेदन गर्न सक्नेछ।

२९. अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने अधिकारी : (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धमा मुद्दा अनुसन्धान र तहकीकात गर्ने मुद्दा चलाउने अधिकारी वा निकाय र तत् सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

३०. व्यवसायिक आचार संहिताको पालना : (१) डिप्लोमा इन्जिनियरिङ्ग व्यवसायीले देहाय बमोजिमका व्यावसायिक आचार संहिता पालना गर्नु पर्नेछ।

(क) बदनियत चिताई कुनै पनि काम गर्न, गराउन हुँदैन,

(ख) कुनै काम गर्दा लापरवाही वा हेलचेक्र्याइँ गर्न, गराउन हुँदैन,

(ग) कुनै परीक्षण गर्दा झुट्टा वा गलत प्रतिवेदन वा तथ्यभन्दा फरक पर्ने गरी प्रतिवेदन तयार गर्न वा सिफारिस गर्न, गराउन हुँदैन,

(घ) तोकिए बमोजिमका अन्य कुराहरू।

(२) आचार संहिताको उल्लघंन गर्ने डिप्लोमा इन्जिनियरलाई परिषद्ले नसिहत दिने, प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्द गर्ने कारवाही गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नसिहत दिने वा प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्द गर्न सक्ने अवस्था र सोको कारवाहीको प्रक्रिया तोकिए बमोजिम हुनेछ।

३१. **प्रि-डिप्लोमा इन्जिनियरिङ्ग दर्ता** : तोकिए बमोजिमको विषयमा टि एस एल सी वा सो सरह उत्तीर्ण गरी परिषद्मा नाम दर्ता गराउन चाहने प्राविधिकको नाम परिषद्ले तोकिए बमोजिम प्रि-डिप्लोमा इन्जिनियरिङ्ग दर्ता किताबमा दर्ता गर्न सक्नेछ।

३२. **अधिकार प्रत्यायोजन** : रजिष्ट्रारले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्का अधिकृत स्तरका कर्मचारीहरुलाई प्रत्यायोजन गर्न सक्नेछ।

३३. **नेपाल सरकारसँग सम्पर्क** : परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

३४. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने** : परिषद्ले आफूले वर्षभरि सम्पादन गरेको कामको विवरण, प्रशासकीय खर्च, आवश्यकताको विवरण तथा कार्य योजना समेत समावेश गरी प्रत्येक वर्षको असोज महिनाभित्र मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

३५. **मन्त्रालयले निर्देशन दिन सक्ने** : (१) मन्त्रालयले परिषद्को काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालन गर्नु परिषद्को कर्तव्य हुनेछ।

३६. **नियम, विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि परिषद्ले आवश्यक नियम, विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड परिषद्ले बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

(३) उपदफा (१) बमोजिमको विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड परिषद् आफैले स्वीकृत गरि लागू गर्न सक्नेछ।

३७. **अनुसूचीमा थपघट वा हेरफेर वा संशोधन गर्न सक्ने** : नेपाल सरकाले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकतानुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

अनुसूची-१

(दफा २ को खण्ड (ग) र दफा १५ सँग सम्बन्धित)

**<u>डिप्लोमा इन्जिनियरिङ्ग विषय</u>**

१. डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग
   (क) जनरल
   (ख) हाइवे
   (ग) स्यानीटरी
   (घ) विल्डिङ एण्ड आर्किटेक्ट
   (ङ) इरिगेशन
   (च) हाइड्रोलाजी
   (छ) हाइड्रोपावर
   (ज) एअरपोर्ट
२. डिप्लोमा इन इलेक्ट्रिकल
   (क) जनरल इलेक्ट्रीकल
   (ख) एभिएशन इलेक्ट्रीकल
३. डिप्लोमा इन इलेक्ट्रेनिक एण्ड कम्युनिकेशन
४. डिप्लोमा इन मेकानिकल
   (क) जनरल मेकानिकल
   (ख) एभिएशन मेकानिकल
   (ग) निर्माण उपकरण संभार
   (घ) प्रोडक्सन इन्जिनियरिङ्ग
५. डिप्लोमा इन एरोनटिकल
६. डिप्लोमा इन माइनिङ
७. डिप्लोमा इन केमिकल
८. डिप्लोमा इन मेटालसर्जिकल
९. डिप्लोमा इन मेट्रोलोजी
१०. डिप्लोमा इन मेटेरियोलोजी
११. डिप्लोमा इन जियोलोजी
   (क) जनरल
   (ख) हाइड्रोजियोलोजी
   (ग) इन्जिनियरिङ्ग जियोलोजी

१२. डिप्लोमा इन सिभिल एभिएशन अपरेशन एण्ड इन्जिनियरिङ्ग
   (क) सिभिल एभिइशब अपरेशन
   (ख) फ्लाइट अपरेशन
   (ग) एभिएसन फायर सर्भिसेज
१३. डिप्लोमा इन सर्भे
१४. डिप्लोमा इन एग्री इरिगेशन इन्जिनियरिङ्ग
१५. डिप्लोमा इन टेक्सटाइल इन्जिनियरिङ्ग
१६. डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग
१७. डिप्लोमा इन इन्भाइरोमेन्टल इन्जिनियरिङ्ग
१८. डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ्ग
१९. डिप्लोमा इन इण्डस्ट्रीयल इन्जिनियरिङ्ग
२०. डिप्लोमा इन रेडियो इन्जिनियरिङ्ग
२१. डिप्लोमा इन सिष्टम इन्जिनियरिङ्ग
२२. डिप्लोमा इन अटोमेशन इन्जिनियरिङ्ग
२३. डिप्लोमा इन अर्बान एण्ड फिजिकल प्लानिङ
२४. डिप्लोमा इन जियोटेक्नीकल इन्जिनियरिङ्ग
२५. डिप्लोमा इन फरेष्ट्री इन्जिनियरिङ्ग
२६. डिप्लोमा इन एग्रीकल्चर इन्जिनियरिङ्ग
२७. डिप्लोमा इन इनर्जी इन्जिनियरिङ्ग
२८. डिप्लोमा इन इन्फरमेशन टेक्नोलोजी एण्ड टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग
२९. डिप्लोमा इन अर्थक्वेक इन्जिनियरिङ्ग
३०. डिप्लोमा इन आर्किटेक्ट इन्जिनियरिङ्ग
३१. डिप्लोमा इन इलेक्ट्रीक एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग
३२. डिप्लोमा इन इलेक्ट्रनिक इन्जिनियरिङ्ग
३३. डिप्लोमा इन एभियोनिक्स इन्जिनियरिङ्ग
३४. डिप्लोमा इन म्यानुफ्याक्चरिङ्ग साइन्स एण्ड इन्जिनियरिङ्ग
३५. डिप्लोमा इन इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ्ग
३६. डिप्लोमा इन साउण्ड एण्ड भिडियो इन्जिनियरिङ्ग
३७. डिप्लोमा इन इण्डष्ट्रियल इलेक्ट्रनिक्स इन्जिनियरिङ्ग
३८. डिप्लोमा इन सफ्टवेयर इन्जिनियरिङ्ग
३९. डिप्लोमा इन इन्स्टुमेन्टेशन इन्जिनियरिङ्ग
४०. डिप्लोमा इन इन्फरमेशन टेक्नोलोजी

४१. डिप्लोमा इन बायोमेडिकल इन्जिनियरिङ्ग
४२. डिप्लोमा इन एयरक्राफ्ट मेण्टेनेन्स इन्जिनियरिङ्ग